# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/१६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु भन्सार बिभाग, काठमाडौंका तत्कालिन नायव सुव्वा (हाल अवकाश प्राप्त) रघुनाथ घिमिरे र शारदा गौतम मु.नं (०७९-CR-०११६) फैसला मिति २०८१।०१।२०</td>
<td>गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• प्रतिवादी रघुनाथ घिमिरेले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५२/०७/२८ गतेदेखि मिति २०७९/०९/१२ सम्मको छानविन अवधिमा सार्वजनिक पदको दुरुपयोग गरी रु.२,१४,४६,६५७.२४ (दुई करोड चौध लाख छयालीस हजार छ सय सन्ताउन्न रुपैयाँ चौबीस पैसा) गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको र सोबाट बढे बढाएको सम्पत्ति समेत आफ्नो एकासगोलकी पत्नी प्रतिवादी शारदा गौतमको नाममा समेत राखेको देखिएको हुँदा प्रतिवादी रघुनाथ घिमिरेको हकमा, साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिम कसूर गरेको हुँदा प्रतिवादी रघुनाथ घिमिरेलाई बिगो रु.२,१४,४६,६५७।२४ (दुई करोड चौध लाख छयालिस हजार छ सय सन्ताउन्न रुपैयाँ चौबीस पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद र जरिवाना गरिपाउन समेत तथा अर्का प्रतिवादी शारदा गौतमको हकमा स्रोत नखुलेको सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिको जफत गर्ने प्रयोजनार्थ साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम शारदा गौतमलाई प्रतिवादी कायम गरी, स्रोत</td>
<td>फैसलाः<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• गैर कानूनी सम्पत्ति आर्जन मुद्दामा समग्र जाँच अवधीको आधारमा आय र ब्ययको विश्लेषण गर्नु पर्नेमा नगद प्रवाह (Cash Flow) को आधारमा गणना गरेको देखिएको।<br>• ब्यय शिर्षकको हकमाः-<br>• घरको निर्माण लागत खर्चमा ५% ठेक्का कर र १५% ओभरहेड कर समेत गरी २०% कट्टा हुने गरी श्री सर्वोच्च अदालतको स्थापित मान्य सिद्धान्त अनुसार ब्ययमा घटाउनु पर्ने,<br>• रस्किन ट्रेड इन्टरनेशनल बन्द भै सकेको भन्ने वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको पत्रबाट र छोरी रशा घिमिरेको नाउँमा रहेको जि एण्ड जि लेबल्स तथा प्याकेजिङ्ग उद्योग बन्द भै सकेको भन्ने उद्योग तथा वाणिज्य कार्यालयको पत्रबाट देखिन आएको सन्दर्भमा संस्थापन गर्दा कबुल गर्नु र लगानी गरी संचालन गर्नु फरक विषय रहेको हुँदा फर्म संस्थापन गर्दा प्रमाणपत्रमा लगानी गर्न कबुल गरेको रकम व्ययमा गणना गर्न मिल्ने देखिएन।<br>• प्रतिवादी शारदा गौतमले सनराइज बैंक लि. बुलटवल रुपन्देहीबाट लिएको कर्जा रकम तिर्न बुझाउन पर्ने दायित्व अन्तर्गत कर्जा खाताको रकम बैंक मौज्दात भनी गणना गर्न मिल्ने देखिएन।<br>• आय शिर्षकको हकमाः-<br>• रघुनाथ घिमिरेको पारिश्रमिक आयको सम्बन्धमा, प्रतिवादीले मिति २०५३/०२/०८ गते देखि अवकाश भएको मितिसम्म प्राप्त निजामति किताबखानाको कर्मचारी तलबी विवरण र यशोदा फुड्स प्रा.लि. कम्पनीमा काम गरेवापत प्राप्त तलव समेतमा ३० प्रतिशत जीवन निर्वाह खर्च कट्टा गरी ७० प्रतिशत रकमले हुने जम्मा रू.३६,६४,६३१।२४ (छत्तिस लाख चौसठ्ठी हजार छ सय एकतीस रुपैयाँ चौविस पैसा) लाई निजको पारिश्रमिक आयमा गणना गर्नुपर्ने,<br>• जग्गा बिक्रीबाट प्राप्त आयको सम्बन्धमा, प्रतिवादी रघुनाथ घिमिरेले निजको श्रीमती शारदा गौतमको नाममा खरिद गरिएका जग्गाहरू बिक्री गरी रकम प्राप्त गरेको श्रोत नपुगेको भनी आयोगले कम रकम आयमा गणना गरेको मिलेको नदेखिएको,<br>• लाभांश आय सम्बन्धमा, प्रतिवादीको श्रीमती शारदा गौतमको नाममा रहेको जि.एण्ड जि. बिजनेश प्रा.लि. कम्पनीमा लगानी गर्दा आंशिक स्रोत नखुलेको देखिएकोले स्रोत नखुलेको लगानीबाट प्राप्त गरेको लाभांश रकमलाई सोही प्रतिशतमा घटाई बैध स्रोत खुलेको लगानीबाट प्राप्त बैध लाभांश रकमलाई मात्र आयोगले प्रतिवादीको आयमा गणना गरिएको कानुन, न्याय तथा श्री सर्वोच्च अदालतबाट प्रतिपादित मान्य सिद्धान्त अनुकूल भएको नदेखिएको हुँदा उक्त कम्पनीबाट लाभांश वापत प्राप्त आयलाई प्रतिवादीको आयमा गणना गर्नु पर्ने,<br>• पुरस्कार प्राप्त सम्बन्धमा, प्रतिवादी रघुनाथ घिमिरेले राजस्व अनुसन्धान विभागबाट प्राप्त भएको पत्रानुसार निजले प्राप्त गरेको पुरस्कार रकमका अतिरिक्त प्रतिवादी रघुनाथ घिमिरे</td>
<td>• सर्वप्रथम, बिशेष अदालतवाट प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि फैसला गर्दा लिईएका आधारहरु मध्ये पहिलो आधारको रुपमा रहेको "गैर कानूनी सम्पत्ति आर्जन मुद्दामा समग्र जाँच अवधीको आधारमा आय र ब्ययको विश्लेषण गर्नु पर्नेमा नगद प्रवाह (Cash Flow) को आधारमा गणना गरेको देखिएको" भन्ने आधारको हकमा विश्लेषण गर्दाः प्रतिवादी रघुनाथ घिमिरेले सार्वजनिक सेवाको पदमा कार्यरत रहँदा पेश गरेको सम्पत्ति विवरण, अनुसन्धानको क्रममा निज प्रतिवादीहरुको बयान, विभिन्न बैंकबाट प्राप्त विवरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसँग सम्बन्धित विभिन्न निकायहरुबाट प्राप्त विवरण, प्रतिवेदन तथा कागजातहरु लगायत निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आय व्यय प्रबाह विवरण (Income Expenditure Cash Flow) को अध्ययन एवं विश्लेषण गर्दा निज प्रतिवादी रघुनाथ घिमिरेले सार्वजनिक सेवामा बहाल रहदाको अवधी मिति २०५२/०७/२८ गते देखि मिति २०७९/०९/१२ सम्मको अवधीलाई अनुसन्धानको जाँच अवधि (Check Period) कायम गरि हेर्दा निम्न अनुसारको आय व्यय विवरण देखिन्छः-
<table>
<tr><th rowspan="2">सि.नं.</th><th colspan="2">आय रकम</th><th colspan="2">ब्यय रकम</th></tr>
<tr><th>बिवरण</th><th>रकम</th><th>बिवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रघुनाथ घिमिरेको तलब भत्ता</td><td>१७,९२,३५७.००</td><td>ऋण/कर्जा को साँवा व्याज तिरेको</td><td>१,२०,६५,३१३.६७</td></tr>
<tr><td>२</td><td>रघुनाथ घिमिरे तलब (यशोदा फुड्स)</td><td>१३,६८,१५०.००</td><td>घर निर्माण</td><td>९१,५८,६४२.८०</td></tr>
<tr><td>३</td><td>रघुनाथ तलब (नेपाल औद्योगिक वि.नि.)</td><td>१२,२८५.००</td><td>जग्गा खरिद</td><td>१,०६,३०,०००.००</td></tr>
<tr><td>४</td><td>शारदा गौतमको</td><td>१९,१२५.००</td><td>रजिष्ट्रेशन दस्तुर</td><td>३,६२,९४३.००</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>नखुलेको सम्पत्तिबाट बढे बढाई प्रतिवादी शारदा गौतमको नाममा हाल कायम रहेको घर, जग्गाहरू, कम्पनीमा भएको लगानी र बैंक मौज्दात समेतबाट बिगो असुल र जफत गर्न समेतको मागदावी लिई श्री बिशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर भएको देखिन्छ।<br><br>अदालतको फैसला<br><br>• प्रतिवादी रघुनाथ घिमिरे तथा शारदा गौतमको जाँच अवधिको समग्र आय तथा व्ययको विश्लेषण अर्थात गणना गर्दा कूल बैध आय रु.६,७५,६३,५७६।२९ (छ करोड पचहत्तर लाख त्रीसट्ठी हजार पाँच सय छ्यहत्तर रुपैयाँ उन्नाइस पैसा) रहेको र कूल व्यय तर्फ रु.६,५४,८१,७८१।८३ (छ करोड चौउन्न लाख एकासी हजार सात सय एकासी रुपैयाँ त्रीयासी पैसा) रहेको देखिन आयो। तसर्थ जाँच अवधिमा प्रतिवादीहरुको कूल व्यय भन्दा कूल बैध आय रु.२०,८१,७९४।४६ (बीस लाख एकासी हजार सात सय चौरानब्बे रुपैयाँ छयालिस पैसा) बढी रहेको देखिन आएकोले जाँच अवधिको समग्र आय व्ययको गणना गर्दा व्यय भन्दा बैध आय बढी देखिन आएकोले आरोपदावी पुग्न सक्ने अवस्था नदेखिदा निज प्रतिवादीहरुले आरोप दावीवाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ।</td>
<td>प्रतिवेदकको रुपमा कार्य गरे वापत राजस्व अनुसन्धान बिभागबाट प्राप्त पुरस्कार रकम गणना गरेको नदेखिएको हुँदा सो पुरस्कार रकम समेत प्रतिवादीको पुरस्कार आयमा गणना गर्नु पर्ने,<br>• शेयर बिक्री गरी प्राप्त सम्बन्धमा प्रतिवादी रघुनाथ घिमिरे श्रीमती तथा छोरी समेतको नाममा रहेको विभिन्न कम्पनीहरुको शेयर बिक्री बापत रकम प्राप्त गरेको देखिन आएकोले शेयर बिक्री आयमा रु.१२,१८,५१७।३३ (बाह्र लाख अठार हजार पाँच सय सत्र रुपैयाँ तेत्तिस पैसा) गणना गर्नु पर्ने,<br>• नगद लाभांश आय (शेयर प्रतिफल) सम्बन्धमा, प्रतिवादी रघुनाथ घिमिरे समेतको नाममा रहेका विभिन्न कम्पनीका शेयरहरुको नगद लाभांश बापत बैंक खाताबाट प्राप्त विवरणहरुबाट प्रतिवादी रघुनाथ घिमिरे र श्रीमती शारदा गौतमको खातामा थप नगद लाभाङ्श प्राप्त गरेको देखिन आएकोले वास्तविक शेयर बापतको नगद लाभाङ्श आय तर्फ निजहरुको आयमा गणना गर्नु पर्ने,<br>• बैंक खातामा जम्मा भएको व्यक्तिगत सापट सम्बन्धमा प्रतिवादीहरुले व्यक्तिगत रुपमा वा कम्पनीबाट संचालक सापटि बापत बैंकिङ्ग च्यानल वा प्रक्रियाबाट लिएको कूल रकमलाई प्रतिवादीको सापटी आयमा गणना गर्नु पर्ने,<br>• महंगी भत्ता सम्बन्धमा, नेपाल सरकारको कर्मचारीलाई महंगी भत्ता उपलब्ध गराउने भन्ने अर्थ मन्त्रालयबाट जारी बजेट वक्तव्य तथा अर्थ मन्त्रालयको परिपत्र बमोजिम प्रतिवादी सार्वजनिक सेवामा रहंदाका अवधिको महंगी भत्ता प्राप्त गरेको भन्ने जिकिर न्यायसंगत देखिएको,<br>• पोशाक भत्ता सम्बन्धमा प्रतिवादी रघुनाथ घिमिरेले सेवा अवधिमा प्राप्त गरेको पोशाक भत्ता आयोगले आयमा गणना नगरेको हुँदा उक्त रकमलाई निजको आयमा गणना गर्नु पर्ने,<br>• खाजा भत्ता सम्बन्धमा प्रतिवादी रघुनाथ घिमिरेले आ.ब २०६७/६८ को बजेट तर्जुमाको शिलसिलामा राजस्व अनुसन्धान भत्ता प्राप्त गरेको राजस्व अनुसन्धान बिभागको पत्रको प्रतिलिपी र प्रतिवादीले सम्पत्ति बिवरण फारमको दाबीबाट पुष्टि हुन आएको हुँदा उक्त रकमलाई आयमा समावेश गरी गणना गर्नु पर्ने,<br>• प्रोत्साहन भत्ता सम्बन्धमा प्रतिवादी रघुनाथ घिमिरेले राजश्व अनुसन्धान विभागमा कार्यरत रहंदा प्रोत्साहन भत्ता प्राप्त गरेको प्रतिवादीको एभरेष्ट बैंक लि. खातामा जम्मा भएको देखिएको हुँदा उक्त रकमलाई प्रतिवादीको आयमा गणना गर्नु पर्ने,<br>• दैनिक भ्रमण भत्ता सम्बन्धमा प्रतिवादी रघुनाथ घिमिरेले भ्रमण भत्ता प्राप्त गरेको र उक्त भत्ता कोष तथा लेखा नियन्त्रण कार्यलयको खाताबाट चेकबाट प्राप्त गरेकोले सटही गरी नगद बुझेको देखिंदा भ्रमण भत्तालाई प्रतिवादीको आयमा गणना गर्नु पर्ने,<br>• शारदा गौतमले प्राप्त गरेको महंगी भत्ता (स्कुल) सम्बन्धमा अर्थ मन्त्रालयको बजेट वक्तव्य बमोजिम बहखोर आधारभूत विद्यालयमा शिक्षकको रुपमा अध्यापन गराउदा महंगी भत्ता बातप प्राप्त रकमलाई निजको आयमा गणना गर्नु पर्ने,<br>• शारदा गौतमले टिकाटालो, विवाहमा दान दक्षिणा, गोडधुवा वापत प्राप्त गरेको रकम सम्बन्धमा श्रीमती शारदा गौतम र रघुनाथ घिमिरेको विवाह हुँदा माईति पट्टिबाट र घर पट्टिबाट टिकाटालो गोड धुवाई, मुख देखाईमा प्राप्त गरेको दक्षिणाबाट उठेको रकमलाई आयमा गणना गर्नु उपयुक्त देखिएको,<br>• बैंकको व्याज सम्बन्धमाः प्रतिवादी र निजका एकाघर परिवारका सदस्यहरुको बैंक</td>
<td>
<table>
<tr><td></td><td>तलब भत्ता स्कुल</td><td></td><td>तिरेको</td><td></td></tr>
<tr><td>५</td><td>श्रीमती शारदा गौतमले जि.एण्ड जि.बिजनेश प्रा.लि.बाट प्राप्त गरेको तलब</td><td>७६,३७३१३.७५</td><td>विद्युतीय उपकरण खरिद</td><td>१,६१,०० ०.००</td></tr>
<tr><td>६</td><td>छोरी रशा घिमिरेले जि.एण्ड जि.बिजनेश प्रा.लि.बाट प्राप्त गरेको तलब</td><td>१५,४०,२१७</td><td>पुँजीगत लाभकर तिरेको</td><td>१,८३,७५ ०.००</td></tr>
<tr><td>७</td><td>ऋण/कर्जा लिएको रकम</td><td>१,७३,७१,२२८.२३</td><td>शेयर खरिद</td><td>६१,०३,५ ७१.४९</td></tr>
<tr><td>८</td><td>जग्गा बिक्रीबाट प्राप्त आय</td><td>७१,५६,१२०.००</td><td>कम्पनी लगानी</td><td>२,६६,२४, ६८०.००</td></tr>
<tr><td>९</td><td>घर बहाल (घर भाडा) बाट प्राप्त आय</td><td>७,६२,६७०.९४</td><td>अध्ययन खर्च</td><td>३२,४७,७ ८५.२५</td></tr>
<tr><td>१ ०</td><td>कम्पनी लाभांशवापत प्राप्त आय</td><td>९५,४९,७३१.६३</td><td>बैंक मौज्दात रकम</td><td>३७,०९,९ ७८.४६</td></tr>
<tr><td>१ १</td><td>अभिकर्ता कमिसन</td><td>१,०५,५२०.००</td><td>विदेश भ्रमण खर्च</td><td>८,५५,०० ०.००</td></tr>
<tr><td>१ २</td><td>पुरस्कार भत्ता</td><td>१७,६०,९३८.००</td><td>विमा प्रिमियम तिरेको</td><td>३,८४,१२ ०.००</td></tr>
<tr><td>१</td><td>शेयर</td><td>९,३५,८६३.३३</td><td>सुन तथा</td><td>३,७६,२० ०.००</td></tr>
</table>
</td>
</tr>
</table>

स्टेटमेन्टबाट बैंक ब्याज प्राप्त गरेको हुँदा बैंक ब्याज बापत प्रतिवादीको ब्याज आयमा गणना गर्नु उपयुक्त र न्यायसंगत देखिएको,

- **रेमिट प्राप्त पारिवारिक सहयोग सम्बन्धमा** प्रतिवादी शारदा गौतमलाई दाजुजेठान/ नबराज गौतमले शारदा गौतमको बैंक अफ काठमाण्डौको खातामा जम्मा गरेको विवरण बैंक स्टेटमेन्ट तथा अदालत समक्ष गरेको बकपत्रबाट पुष्टि हुन आएको, प्रतिवादी रघुनाथ घिमिरेको ज्वाई प्रकाश पन्थले रेमिट मार्फत सहयोग रकम नेपाल इन्भेस्टमेन्ट बैंकबाट प्राप्त गरेको receipt र प्रकाश पन्थको अदालत समक्षको बकपत्र मार्फत पुष्टी गरेको, प्रतिवादी शारदा गौतमलाई निजको भाई अनिल गौतमले western union मार्फत पठाएको सहयोग रकम रेमिट मार्फत पठाईएको हुँदा उक्त सहयोग रकमहरुलाई प्रतिवादीको आयमा गणना गर्नु पर्ने देखिएको,
- **रशा घिमिरेले प्राप्त दान दक्षिणा सम्बन्धमा** सामाजिक परम्परा अनुसार न्वारान, पास्नी र चाडपर्ब, पुजाहरुमा आफन्तजनहरुबाट टिका लगाई दिएको दान दक्षिणाबाट संकलित रकम दान दक्षिणाबाट प्राप्त भएको आयमा गणना हुने देखिएको,
- **रघुनाथ घिमिरेले प्राप्त गरेको संचय कोष फिर्ताको रकम सम्बन्धमा,** कर्मचारी संचय कोषको मिति २०८०/११/२४ च.न. ६४४ बाट निजको संचित कोषमा रकम रहेको भन्ने देखिन आएकोले आयोगले संचयकोषको ऋण चुक्तामा पुरै रकम खर्च गणना गरेकोले कर्मचारी संचयकोषबाट प्राप्त गरेको संचित रकम प्रतिवादीको आयमा गणना गर्नु पर्ने,
- **रस्किन घिमिरे पारिश्रमिक आय सम्बन्धमा,** रस्किन घिमिरेले जी. होम प्रा.लि. मा आ.व. २०७८/७९ मा काम गरेवापतको प्राप्त आयको प्रमाण आन्तरिक राजश्व कार्यालय, कालिमाटीको कर चुक्ता प्रमाण पत्रबाट देखिने हुँदा सो एकाघर सगोलको छोराको तलब बापतको रकममा जीवन निर्वाह खर्च कटाई बाँकी रकमलाई निजको आयमा गणना गर्नु पर्ने,
- **रस्किन घिमिरेले न्वरान तथा पास्नीमा पाएको दान दक्षिणाको सम्बन्धमा,** न्वारान, पास्नी र चाडपर्ब, पुजाहरुमा आफन्तजनहरुबाट टिका लगाई दिएको दान दक्षिणाबाट संकलित रकमको हद सम्म मनासिव देखिन आएकोले सोलाई निजको आयमा गणना गर्नु पर्ने।

**विशेष अदालतवाट उपरोक्त अनुसार फैसला गर्दा प्रतिवादीको समग्र आय व्ययको अवस्था निम्न अनुसार  कायम गरेको देखिन्छः**

| क्र.सं. | आयको शिर्षक | आय रकम (-रु.) | क्र.सं. | व्यय शिर्षक | व्यय रकम(रु.) |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | ३६,६४,६३१।२४ | १ | जग्गा खरिद | १,०६,३०,०००। |
| २ | श्रीमती को पारिश्रमिक | ७६,५६,४३८।७५ | २ | घर निर्माण | ५१,१९,१६९।८० |
| ३ | छोरी रशा घिमिरे पारिश्रमिक | १५,४०,२१७।- | ३ | रजिष्ट्रेसन दस्तुर तथा | ५,४६,६९३।- |

| | | | | |
|---|---|---|---|---|
| ३ | विक्रीबाट प्राप्त आय | | चाँदी खरिद | |
| १४ | रघुनाथ अवकाश पश्चात प्राप्त आय | १६,०२,८८१.५६ | नगद | १,००,০००.०० |
| १५ | पेन्सन आय | ४,९१,८३९.२४ | - | - |
| १६ | शेयर नगद लाभांश | ४,१०,०८६.७६ | - | - |
| | **कुल जम्मा** | **५,२५,१६,३२७.४४** | **कुल जम्मा** | **७,३९,६२,९८४.६७** |
| | **आय भन्दा खर्च लगानी (व्यय) बढी देखिएको स्रोत नखुलेको रकम रु.** | | | **(२,१४,४६,६५७.२४)** |

- यसरी निज प्रतिवादी रघुनाथ घिमिरेको आय व्ययको प्रवाह विवरण (Income Expenditure Flow Chart)  तयार गर्ने शिलशीलामा निज प्रतिवादीको अस्वाभाविक र अपत्यारिलो कारोबार देखिएको अवस्थामा, कुनै अवधिको कूल खर्च कूल आय भन्दा सारभूत रूपमा बढी देखिएको अवस्थामा र त्यसरी बढी व्यय हुनुको आधार, कारण पुष्टि हुन नसकेको स्थितिमा तथा उक्त सम्पत्तिको प्राप्ति वा खरिद गर्दाको प्रारम्भिक लगानीको स्रोत पुष्टी गर्न नसकेको अवस्था विद्यमान देखिन आएको स्थितिमा उक्त विन्दुहरुमा Cut-Off Point  कायम गरि आय व्यय विश्लेषण नगरिएको खण्डमा प्रतिवादीको व्ययमा अगाडी  भएको ऋणात्मक अवस्थालाई पछीवाट प्राप्त विभिन्न आयवाट वैधानिक गराउने अवस्था सृजना हुने भएकोले गैर कानूनी सम्पत्ति आर्जन मुद्दामा अगाडी भएको श्रोत पुष्टि हुन नसक्ने व्ययलाई अनुन्धानको परिधि भित्र ल्याउनको लागी Cut-Off Point कायम गर्न नितान्त आवश्यक रहेकोले यस सिद्धान्तको आधारमा Cut-Off Point कायम गरि भएको अनुसन्धानलाई बिशेष अदालतवाट शुक्ष्म विश्लेषण नगरि समग्र जाँच अवधीको आधारमा विश्लेषण गर्नु पर्ने भनि विशेष अदालतवाट भएको फैसला प्रारम्भिक रुप मै त्रुटीपुर्ण छ। प्रस्तुत मुद्दामा यि प्रतिवादी रघुनाथ घिमिरेको आय व्ययको हिसाब गर्दा निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५२/०७/२८ गते देखि जाँच अवधिको अन्तिम मिति २०७९/०९/१२ गते सम्ममा १५ वटा Cut-Off Date राखेर आय व्ययको विश्लेषण गरिएको अवस्था छ। समग्र जाँच अवधिलाई आय र व्ययको एकमुष्ठ हिसाब गर्दा अघिल्लो अवधिमा गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पछिल्लो अवधिमा बैध रूपमा आर्जित सम्पत्ति र

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पूंजिगत लाभकर | |
| ४ | कर्जा | १,७३,७१,२२८।- | ४ | शेयर खरिद | ६१,०३,५७१।४९ |
| ५ | जग्गा बिक्री | ७८,०५,०००।०० | ५ | ऋण भुक्तानी | १,२०,६५,३१३।६७ |
| ६ | घरभाडा | ७,६२,६७०।९४ | ६ | जीवन बिमा प्रिमियम | ३,८४,१२०।- |
| ७ | कम्पनी लाभाङ्श | १,१२,५७,५००।- | ७ | प्राइभेट फर्मामा लगानी | २,३६,२४,६००।— |
| ८ | बीमा अभिकर्ता कमिसन | १,०५,५२०।- | ८ | बिद्युतीय उपकरण खरिद | १,६१,०००।- |
| ९ | पुरस्कार | २६,४८,९३८।— | ९ | बैंक मौजदात | १२,६८,१४०।६७ |
| १० | शेयर बिक्री | १२,१८,५१७।३३ | १० | विदेश भ्रमण खर्च | ८,५५,०००।- |
| ११ | नगद लाभाङ्श | ७,५९,४७९।६१ | ११ | सुन तथा चाँदी खरिद | ३,७६,२००।- |
| १२ | रघुनाथ घिमिरेको अवकास पछि औषधो उपचार, विदा सुविधा, ना.ल.कोषबाट संचित रकम तथा बीमा रकम | १६,०२,८८१।५६ | १२ | छोरा छोरीको अध्ययन खर्च | ३२,४७,७८५।- |
| १ | बैंक खातामा जम्मा | ७९,७०,६८ | १३ | नगद | १,००,०००।- |

अघिल्लो अवधिको गैरकानूनी सम्पत्तिबाट बढे बढाएको सम्पत्तिले खाम्ने (Cover गर्ने) अवस्था सृजना हुन सक्ने भएको अघिल्लो अवधिमा आर्जित गैरकानूनी सम्पत्ति  पछिल्लो अन्य आय समेतवाट परिपुर्ति हुन गई प्रतिवादीले आफ्नो गलत कार्यको फाइदा पाई आरोपित कसूरवाट उन्मुक्ति प्राप्त गर्न सक्ने अवस्था एकातर्फ रहन जाने देखिन्छ भने अर्को तर्फ गैरकानूनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को दफा ९ को उपदफा (३) को देहाय (ट) र (ठ) को समेतले Cut-Off Date राखेर आय व्ययको विश्लेषण गरि अनुसन्धान गर्न सक्ने अवस्थालाई वैधानिकता दिएको अवस्था देखिदा सो अनुसार नगरेमा उक्त अनुसन्धान कार्यविधि प्रतिकुल हुन जाने देखिन्छ। सम्मानित सर्वोच्च अदालतबाट समेत नेपाल सरकार विरुद्ध युवराज शर्मा (ने.का.प. २०६९, नि.नं. ८८८६), नेपाल सरकार विरुद्ध खुम बहादुर खड्का (ने.का.प. २०६९, नि.नं. ८८३२) र नेपाल सरकार विरुद्ध देवेन्द्र डंगोल समेत (ने.का.प.२०७५, नि.नं. ९९३२) को मुद्दामा गैर कानुनी सम्पत्ति आर्जन मुद्दामा विभिन्न अवधिमा आय व्ययको हिसाब गर्दा ऋणात्मक अवस्था आएका बखत Cut-Off Date राखेर हिसाब गरि आय र व्ययको विश्लेषण गरिए कै देखिदा आयोगले गरेको अनुसन्धानलाई अन्यथा अर्थ गर्न मिल्ने अवस्था देखिदैन। गैर कानूनी सम्पत्ति आर्जन मुद्दामा जुनसुकै आय दावी गर्ने प्रतिवादीले विक्री गरेका सम्पत्ति तथा सम्पत्ति प्राप्त गर्दाको बैध स्रोत तथा खरिद गर्दाको प्रारम्भिक लगानीको बैध स्रोत पुष्टि गर्न सक्नुपर्ने हुन्छ। स्रोत नखुलेका गैरकानूनी सम्पत्तिहरुबाट आय आर्जन गरेको सम्पत्ति र सोबाट बढे वढाएका सम्पत्ति तथा आयलाई बैध मान्न नसकिने र त्यस्ता सम्पत्ति तथा आय गैरकानूनी हुने प्रचलित कानूनी व्यवस्था तथा *"न्यायोचित अनुमान शुन्यताको उपज नभई त्यसलाई कुनै न कुनै तथ्यले समर्थन गरेकै हुनुपर्दछ"* र *"वस्तुनिष्ठ आधारविना नै हचुवाको आधारमा लिईने दावीलाई कानुनसंगत मान्न सकिदैन"* भन्ने समेत सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादित नजिर सिद्वान्त समेतको आधारमा प्राप्त गरेको आयको प्रकृती र कारोवारको अध्ययन एवँ स्वआर्जित सम्पत्ति प्राप्त तथा खरिद गर्दाका वखतमा निजसंग रहेभएका मौज्दात वचतका अनुपातमा भए गरिएका व्यय तथा लगानीहरु उपर विश्लेषण गरी स्रोत खुलेको तथा स्रोत नखुलेको एकिन गरी स्रोत खुलेका सम्पत्तिहरुबाट वढेवढाएका सम्पत्तिलाई वैध मानिने नै हुन्छ। तर स्रोत नखुलेका सम्पत्तिहरुबाट वढेवढाएका सम्पत्ति तथा आयहरुलाई वैध आयको रुपमा गणना गरिनु कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको विपरीत हुन जान्छ। प्रस्तुत अनुसन्धानको विषयमा अनुसन्धानको जाँचअवधिको आय-व्ययहरुको गणना गरी अनुसन्धान गर्दा जाँचअवधिमा सिर्जित सम्पत्ति एवं खर्च तथा लगानीहरुमा गरिएको कुल खर्च र सोही अवधिको आयहरुको आय-व्यय प्रवाह विवरण (Income Expenditure Flow Chart) अनुसार जाँच अवधिमा स्रोत खुल्न आएको निज रघुनाथ घिमिरेको वैध आय

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | भएको सापट | ९।९७ | | रकम | |
| १<br>४ | रघुनाथ घिमिरेको पेन्सन आय | ४,९१,८३९<br>।२४ | - | - | - |
| १<br>५ | रघुनाथ घिमिरेले प्राप्त गरेको महंगी भत्ता | १,०३,५२२<br>।— | - | - | - |
| १<br>६ | रघुनाथ घिमिरेले प्राप्त गरेको पोषाक भत्ता | ६७,५००।- | - | - | - |
| १<br>७ | रघुनाथ घिमिरेले प्राप्त गरेको खाजा भत्ता | १३,९५०।- | - | - | - |
| | रघुनाथ घिमिरेले प्राप्त गरेको प्रोत्साहन भत्ता | १४<br>७१।२५६, | - | - | - |
| १<br>८ | रघुनाथ घिमिरेले प्रापत गरेको दैनिक भ्रमणभत्ता | १३,२८०।<br>— | - | - | - |
| १<br>९ | शारदा गौतमले प्राप्त गरेको महंगी भत्ता | रु३.,९९८।<br>— | - | - | - |
| २<br>० | बैंक ब्याज | ५,५२,८७५<br>।९४ | - | - | - |
| २<br>१ | रेमिट प्राप्त पारिवारिक सहयोग | १,२७,२३५<br>।१२ | | | |
| २<br>२ | को विवाहमा प्राप्त दानदक्षिणा | २,००,०००<br>।- | - | - | - |
| २<br>३ | छोरी रशा घिमिरेको प्राप्त दान दक्षिणा | २,००,०००<br>।- | - | - | - |
| २<br>४ | प्रतिवादी रघुनाथ घिमिरेले प्राप्त गरेको संचय कोष फिर्ता | १२,३५,६७<br>१।८८ | - | - | - |
| २<br>५ | छोरा रस्किन घिमिरेको तलब | ७५,७३५।<br>— | - | - | - |
| २<br>६ | छोरा रस्किन घिमिरेले प्राप्त गरेको दान दक्षिणा | १,००,०००<br>।- | - | - | - |
| | **कूल** | **६,७५,६३,५** | | | **६,५४,८१,७८१** |

रु.५,२५,१६,३२७.४४ (पाँच करोड पच्चीस लाख सोह्र हजार तीन सय सत्ताईस रूपैया चवालीस पैसा) को अनुपातमा सोही अवधिमा निज रघुनाथ घिमिरेले सिर्जना गरेका सम्पत्ति एवं खर्च तथा लगानी रु.७,३९,६२,९८४.६७ (सात करोड उनान्चालीस लाख बैसठ्ठी हजार नौ सय चौरासी रुपैया सडसठ्ठी पैसा) देखिन आएबाट निज रघुनाथ घिमिरेको कुल आय आर्जन रु.५,२५,१६,३२७.४४ (पाँच करोड पच्चीस लाख सोह्र हजार तीन सय सत्ताईस रूपैया चवालीस पैसा) मा निजले गरेको कुल खर्च (व्यय) **रु.७,३९,६२,९८४.६७ (सात करोड उनान्चालीस लाख बैसठ्ठी हजार नौ सय चौरासी रुपैया सडसठ्ठी पैसा)** घटाउँदा हुन आउने **रु.२,१४,४६,६५७.२४ (दुई करोड चौध लाख छयालीस हजार छ सय सन्ताउन्न रुपैयाँ चौबीस पैसा)** बराबरको खर्च तथा लगानी (सम्पत्ति) को बैधानिक स्रोत नखुलेकोले ऋणात्मक देखिंदा देखिंदै उल्लिखित न्यायिय सिद्धान्त समेतको बिपरित भएको फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ।

- **प्रतिवादीको आयका शिर्षकहरु मध्ये निम्न शिर्षकहरुमा विशेष अदालत ग्रहण गरेको आधारहरु त्रुटीपुर्ण देखिन्छ।**
- **प्रतिवादी रघुनाथ घिमिरेको पारिश्रमिक आयको हकमाः** प्रस्तुत शिर्षकमा प्रतिवादी रघुनाथ घिमिरेको तलब भत्ता (निजामती) मा रकम रु. १७,९२,३५७।-; तलब (यशोदा फुड्स) मा १३,६८,१५०।- र तलब (नेपाल औद्योगिक वि.नि.) मा रु. १२,२८५।- गणना गरी आरोपपत्रको समग्र आय व्ययमा जम्मा रकम रु. ३१,७२,७९२।— कायम गरिएकोमा विशेष अदालतबाट फैसला गर्दा उक्त प्रतिवादी रघुनाथ घिमिरेको कूल जम्मा पारिश्रमिक आय रु. ३१,७२,७९२।- मा पेन्सन आय रु. ४,९१,८३९.२४।— समेत जोडी जम्मा रु. ३६,६४,६३१.२४।— प्रतिवादीको पारिश्रमिक आयमा गणना गरी फैसला भएको छ। तर, पेन्सन आय शिर्षकको रकम रु. ४,९१,८३९.२४।— लाई विशेष अदालतबाट फैसला हुँदा फैसलाको पृष्ठ ५१ को प्रकरण नं ५० मा देहाय तालिकाको क्र.सं. १४ मा पुनः सोही रकम गणना गर्दा प्रतिवादीको आय शिर्षकमा उक्त पेन्सन बापतको रकम दोहोरो गणना गरी आय बृद्धि हुने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।
- **जग्गा बिक्रीबाट प्राप्त आयको हकमाः** प्रतिवादी रघुनाथ घिमिरेले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात निजको श्रीमती शारदा गौतमको नाममा खरिद गरिएका जग्गाहरू विक्री गरी रू.७८,०५,०००।– प्राप्त गरेको भनी दावी लिएको भएतापनि “जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रूपमा जिकिर लिइन्छ भने त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नुपर्ने” भन्ने समेत सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२ मा सिद्धान्त प्रतिपादन भएको परिपेक्ष्यमा जग्गा खरिद गर्दा स्रोत पुगेको रकमको प्रतिशतको अनुपातमा रु.७१,५६,१२०।– आयमा गणना गरिएकोमा विशेष अदालतबाट फैसला गर्दा उक्त विगो रकमलाई स्रोत पुगेको एकिन गरि फैसला भएको

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | <table><tr><td></td><td></td><td>७६।२९</td><td></td><td></td><td>।८३</td></tr></table> | देखिन्छ। स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाएको चल अचल सम्पत्तिका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतवाट ने.का.प. २०६९, अंक ९, निर्णय नं. ८८८६ मा **"गैरकानुनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रुपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नु पर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सिर्जना हुन आउँछ, जुन कानुनसम्मत हुन नसक्ने"** भनि सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसैगरी **"सम्पत्तिको मूल स्रोत नै दुषित भएपछि सो पश्चातका कार्यहरु (DEEDS) कदापि बैध हुन सक्तैन" भनि सम्मानित सर्वोच्च अदालतवाट** प्रतिवादी अभिषेक गिरी समेत भएको ०७९-CF-००१२ सम्पत्ति शुद्धीकरण मुद्दाको फैसलामा समेत निर्णाधारको रुपमा उल्लेख गरेबाट यि प्रतिवादीको आय व्यय गणना गर्दा जुन अवधिमा व्यय अर्थात खर्च एवं लगानी गरी सम्पत्ति जोडेको देखिन्छ सोही अवधिभित्र निजको आय आर्जन सो सम्पत्ति जोड्न वा खर्च गर्न पुग्ने गरी कानुनी रुपमा आम्दानी प्राप्त भएको हुनु पर्ने र निजको आम्दानीले सम्पत्तिको स्रोत पुग्ने नदेखिएमा उक्त सम्पत्ति गैरकानूनी आर्जन कायम गर्नु पर्नेमा विशेष अदालतबाट प्रतिवादीको स्रोत नपुगेको जग्गा बिक्रीबाट प्राप्त आयलाई गणना गरि भएको फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ।<br>• **लाभांश आयको हकमा**: प्रतिवादी रघुनाथ घिमिरेले अनुसन्धान जाँच अवधिमा निजको श्रीमति शारदा गौतमको नाममा रहेको जि.एण्ड जि. बिजनेश प्रा.लि. कम्पनीबाट कम्पनी लाभांश वापत रू.१,१२,५७,५००।- आय प्राप्त गरेको भनी कर तिरेको कागजात सहित आयमा दावी लिएको भएतापनि निजले उक्त कम्पनीमा मिति २०५६।०४।०४ तथा मिति २०५८।०८।०७ लगानी गर्दा क्रमशः ९१.९३% र ६०.१७% मात्र आंशिक स्रोत खुलेको देखिएकोले स्रोत नखुलेको लगानीबाट प्राप्त गरेको लाभांश रकमलाई सोही प्रतिशतमा घटाई बैध स्रोत खुलेको लगानीबाट प्राप्त बैध लाभांश रकम रू.९५,४९,७३१.६३।- लाई मात्र निजको आयमा गणना गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा उक्त कम्पनीबाट लाभांश वापत प्राप्त आयलाई प्रतिवादीको आयमा गणना गर्नु पर्ने भनि फैसला भएको देखिन्छ।यसै सन्दर्भमा ने.का.प. २०६९, अंक ९, निर्णय नं. ८८८६ मुद्दामा प्रतिपादित सिद्धान्तको आधारमा प्रतिवादीको आय व्यय गणना गर्दा जुन अवधिमा व्यय अर्थात खर्च एवं लगानी गरी सम्पत्ति जोडेको देखिन्छ सोही अवधिभित्र निजको आय आर्जन सो सम्पत्ति जोड्न वा खर्च गर्न पुग्ने गरी कानुनी रुपमा आम्दानी प्राप्त भएको हुनु पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | र निजको आम्दानीले सम्पत्तिको स्रोत पुग्ने नदेखिएमा जोडेको सम्पत्ति गैरकानूनी रुपमा आय आर्जन गरेको ठहर हुन जाने हुँदा विशेष अदालतबाट उक्त सिद्धान्त विपरित तत्कालिन अवस्थामा स्रोत नपुगी ऋणात्मक देखिएको लाभांश आयलाई कर तिरेको भन्ने आधारमा समग्रता हेरी गरेको गणना त्रुटीपूर्ण रहेकोले बदर भागी छ।<br>• **पुरस्कार वापत प्राप्त आयको हकमा हेर्दाः** प्रतिवादी रघुनाथ घिमिरेले अनुसन्धानको क्रममा पेश गरेको राजश्व अनुसन्धान विभागमा कार्यरत रहँदा प्राप्त गरेको पुरस्कार (कमिसन) रू.१७,४१,०५२.५४।- आय प्राप्त गरेको भनी दावि गरेको भएतापनि राजस्व अनुसन्धान विभागबाट प्राप्त भएको पत्रानुसार निजले रू.१७,६०,९३८।– प्राप्त गरेको देखिएकोले सम्बन्धित निकायको पत्रको आधारमा रू.१७,६०,९३८।– लाई निजको आयमा गणना गरि आभियोजन गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीले राजस्व अनुसन्धान विभागबाट प्राप्त भएको पत्रानुसार पुरस्कार रकमका अतिरिक्त प्रतिवेदकको रुपमा कार्य गरे वापत राजस्व अनुसन्धान बिभागबाट प्राप्त अन्य पुरस्कार रकम गणना गरेको नदेखिएको भनि पछिवाट पेश गरिएका कागजातको आधारमा उक्त प्रतिबेदकको हैसियतले प्राप्त पुरस्कार रकम समेत प्रतिवादीको पुरस्कार आयमा गणना गर्नु पर्ने भनि थप रु ८,८८,०००।-समेत आयमा गणना गरि फैसला भएको त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>• **शेयर बिक्री गरी प्राप्त आयको हकमाः** प्रतिवादीले शेयर विक्री गरी रू.६,०४,२१२।— आय प्राप्त गरेको भनी दावि गरेको भएतापनि अनुसन्धानको क्रममा संकलन हुन आएका सम्बन्धित निकायका पत्र सहितका कागज प्रमाणबाट निजको श्रीमती तथा छोरी समेतको नाममा रहेको विभिन्न कम्पनीहरुको शेयर बिक्री गरी प्राप्त भएको रकम रू.९,३५,८६३.३३ लाई निजको आयमा गणना गरि अभियोजन गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादी रघुनाथ घिमिरे श्रीमती तथा छोरी समेतको नाममा रहेको विभिन्न कम्पनीहरुको शेयर बिक्री बापत रकम प्राप्त गरेको देखिन आएकोले शेयर बिक्री आयमा रु.१२,१८,५१७।३३ (बाह्र लाख अठार हजार पाँच सय सत्र रुपैयाँ तेत्तिस पैसा) गणना गरी फैसला भएको अवस्था देखिन्छ। यसरी प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान, पेश गरेको सम्पत्ति विवरण तथा संकलित प्रमाणको आधारमा रू.९,३५,८६३.३३ आय रकम गणना गरिएकोमा विशेष अदालतमा पेश गरेको लिखित बहसनोट तथा प्रतिवादीको अदलतको बयानमा उल्लेखित कम आय गणना गरी कायम गरेको भन्ने समेतको जिकिरको आधारमा विशेष अदालतबाट शेयर बिक्री आय शिर्षकमा मा रु.१२,१८,५१७।३३ गणना गरि भएको फैसला त्रुटीपूर्ण देखिदा बदर भागी छ।<br>• **नगद लाभांश आय (शेयर प्रतिफल) को हकमाः** प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा संकलन हुनआएका कागज प्रमाण अनुसार प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रघुनाथ घिमिरे समेतको नाममा रहेका विभिन्न कम्पनीका शेयरहरुको नगद लाभांश बापत बैंकमा जम्मा भएको आय रकम रू.४,१०,०८६।७६ लाई निजको आयमा गणना गरिएकोमा विशेष अदालतबाट फैसला गर्दा प्रतिवादीको अदालतमा गरेको बयान तथा बहस नोट समेतको जिकिरको आधारमा पछिबाट पेश गरिएका कागजातको आधारमा थप नगद रकम रु. ३,४९,३९२.८५।- गणना गरि भएको फैसला त्रुटीपूर्ण रहेकोले बदर भागी छ।<br>• **प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गरेको सम्पत्ति विवरण र अनुसन्धानको क्रममा गरेको बयान समेतमा नखुलाएको पछिवाट अदालत अदालतमा उपस्थित भई बयान गर्दा खुलाएको आयका थप शिर्षकहरु र सोमा विशेष अदालतवाट कायम भएको आय रकमहरुलाई निम्न अनुसार खण्डन गरिएको छः-**<br>• **बैंक खातामा जम्मा भएको ब्यक्तिगत सापट आयको हकमाः** प्रतिवादी रघुनाथ घिमिरे तथा शारदा घिमिरेले ब्यक्तिगत रुपमा वा कम्पनीबाट संचालक सापटी बापत बैंकिङ्ग च्यानल वा प्रक्रियाबाट लिएको कूल **रु.७९,७०,६८९।९७ (उनान्असी लाख सत्तरी हजार छ सय उनानब्बे रुपैयाँ सन्तानब्बे पैसा)** लाई प्रतिवादीको सापटी आयमा गणना गर्नु पर्ने भनि फैसला भएको देखिन्छ। यस सन्दर्भमा प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा र सम्पत्ति विवरण पेश गर्दा उक्त रेमिट्यान्स तथा बैंकिङ माध्यमबाट सापट बापत प्राप्त भएको सन्दर्भमा केही जिकिर लिएको देखिदैन भने उक्त रकमहरु के कुन प्रयोजनको लागि लिएको अनुसन्धान बयानमा खुलाउन सकेको समेत देखिदैन। सो सापटी रकम हालसम्म पनि तिरेको नदेखिएको हुँदा सो रकमलाई सापटी आयमा गणना गर्ने विश्वासनीय आधार तथा प्रमाणहरु नदेखिदा उक्त सापटी रकम भनि दावी गरिएको रु. **रु.७९,७०,६८९।९७ लाई प्रतिवादीको आयमा गणना गर्ने गरि भएको फैसला त्रुटीपुर्ण देखिन्छ। यसै सन्दर्भमा** सम्मानित सर्वोच्च अदालतबाट "**घरसारमा लिएको ऋण (सापटी रकम समेत) भाखा भित्र तिर्नि बुझाउनु पर्ने र आर्जन वा सम्पत्तिबाट कर्जा तिरिने हुँदा ऋण लिएको रकम सधैंका लागि आयस्रोत भईरहन्छ भन्न सकिदैन**" भनि ने.का.प. २०६८ अंक ६ नि.नं. ८६३० मा प्रतिपादित सिद्धान्त समेतको आधारमा विशेष अदालतबाट भएको उक्त गणना त्रुटीपुर्ण देखिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१(क) र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० ले सम्पत्ति विवरणलाई Mandatory (बाध्यात्मक व्यवस्था) मानेको र व्यक्तिले आफ्नो आय र ब्ययको विवरण सम्पत्ति विवरण फारममा अनिबार्य रूपम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। प्रतिवादीको निजामती किताबखानाबाट प्राप्त सम्पत्ति बिवरणको ऋण लिए/दिएको महलमा समेत निजले दावि गरे बमोजिमका ऋण सापटीको सम्पूर्ण रकमको बारेमा उल्लेख गरेको देखिंदैन। ब्यक्तिगत रुपमा लिएका भनिएका ऋण सापटि रकमहरु हाल आइ अनुसन्धानको बखत मात्र आफू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | फौजदारी दायित्वबाट बच्ने उद्देश्यले कागजातहरु तयार गरि पेश गरेको पाइएको हुँदा प्रतिवादीले वयानमा उल्लेख गरेकै भरमा सापटी आय हो भनी एकिन गरी प्रतिवादीको आयमा थप गरि भएको फैसला बदरभागी छ। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट **"सार्वजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानून बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ। जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन"** (युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको देखिदा प्रतिवादीले वार्षिक रुपमा पेश गर्ने सम्पत्ति बिबरण फाराममा समेत सापटी लिएको भनी उल्लेख गर्न नसकेको र व्यक्तिगत ऋण सापटी लिएको कुनै तमसुक कागज पेस गर्न नसकेको अवस्थामा समेत प्रतिबादीले लिएको जिकिर कै आधारमा उक्त जिकिरको बैधानिकता पुष्टाई नगरी नगराई प्रतिवादीको आयमा गणना गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदरभागी छ।<br>• **महंगी भत्ता आयको हकमाः** नेपाल सरकारको कर्मचारीलाई महंगी भत्ता उपलब्ध गराउने भन्ने अर्थ मन्त्रालयबाट जारी बजेट वक्तव्य तथा अर्थ मन्त्रालयको मिति २०७५/४/२१ च.नं. ३९ को परिपत्र बमोजिम निज प्रतिवादी सार्वजनिक सेवामा रहंदाका बखत देहाय बमोजिम अवधिको महंगी भत्ता प्राप्त गरेको भन्ने जिकिर न्यायसंगत देखिएको हुँदा प्रतिवादीको आयमा थप रु.१,०३,५२२।–(एक लाख तीन हजार पाँच सय बाइस रुपैयाँ) गणना गरी फैसला भएको देखिन्छ। उक्त शिर्षकको हकमा विश्लेषण गर्दा प्रतिबादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष र आयोगमा पेश गरेको सम्पत्ति बिवरण समेतको आधारमा पेश गरेको भत्ताहरुको विवरण र निजामति किताबखानाको कर्मचारी तलबी विवरण अनुसार वार्षिक तलवी आयमा कर्मचारी सञ्चयकोषमा कट्टा भएको १० प्रतिशत र नागरिक लगानी कोषमा जम्मा गरेको रकम घटाई खुद भुक्तानी प्राप्त आयमा चाडबाड खर्च, महंगी भत्ता, स्थानिय दुर्गम भत्ता समेतको रकम, अवकाश पश्चात प्राप्त पेन्सन र यशोदा फुड्स प्रा.लि. कम्पनीमा काम गरेवापत प्राप्त तलव समेतमा ३० प्रतिशत जीवन निर्वाह खर्च कट्टा गरी ७० प्रतिशत रकमले हुने जम्मा रू.३६,६४,६३१.२४ लाई आय शिर्षकमा गणना गरिसकेकोमा प्रतिबादीले अदालतमा बयानमा तथा विशेष अदालतमा लिखित बहसनोट पेश गर्दा कसूरमा उन्मुक्ति पाउने उद्देश्यले श्रृजना गरेको प्रमाणलाई आधार मानी पछिबाट पेश गरिएका कागजातको आधारमा समग्र आयमा गणना गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>• **पोशाक भत्ताको हकमाः** यस शिर्षकमा आयोगले अनुसन्धानको बखत खर्च भई जाने रकमको स्वरुप आय कायम नगरी आरोपपत्र दायर गरेको सन्दर्भमा, प्रतिबादी रघुनाथ घिमिरेले जागिर अवधिमा कूल प्राप्त गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पोशाक भत्ताको रू. ६७,५००।– पोशाक भत्ता स्वरुपको आयलाई मान्याता दिई सम्मानित विशेष अदालतबाट उक्त आयलाई जाँच अवधिको आय कायम गरको देखिन्छ। पोशाक भत्ता बार्षिक रूपम एक पटक निजामती कर्मचारीको लागी पोशाक खरिद गर्नको लागी उपलब्ध गराएको रकम रहेको र उक्त रकम प्राप्त गरेपछि निजामती कर्मचारीले एक जोर कपडा खरिद गर्दा सकिने गरी उपलब्ध गराएको छ। पोशाक भत्ता खर्च भएर जाने रकम हो जुन एक पटक पोशाक खरिद गरिसकेपछि उक्त रकम पनि सकिने हुँदा बचत हुन सक्दैन। यसरी खुद खर्च भएर जाने रकमलाई समेत बचत हुने रकम मानी प्रतिबादीको बैधानिक आयमा कायम गर्न मिल्ने होईन। सोहि विषयमा सम्मानित सर्बोच्च अदालतबाट "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने" (**नेपाल सरकार बि. जयप्रसाद गुप्ता, ने.का.प. २०६८ नि.नं. ८७२२**) भन्ने सिद्धान्त प्रतिपादन भएको छ। यसरी खुद खर्च भएर जाने रकमलाई समेत आय मानी प्रतिबादीको बैध आय कायम गर्ने गरी भएको उक्त फैसला सम्मानित अदालतबाट भएको फैसलाको प्रतिकुल रहेको हुँदा बदरभागी रहेको छ।<br>• **खाजा भत्ताको हकमा** प्रस्तुत शिर्षकमा आयोगले अनुसन्धानको बखत खर्च भई जाने रकमको स्वरुप आय कायम नगरी आरोपपत्र दायर गरेको सन्दर्भमा, प्रतिबादी रघुनाथ घिमिरेले आ.व. २०६७/६८ मा राजस्व अनुसन्धान विभागबाट कूल प्राप्त गरेको भत्ताको रू. १३,९५०।– खाजा भत्ता स्वरुपको आयलाई मान्याता दिई सम्मानित विशेष अदालतबाट उक्त आयलाई जाँच अवधिको आय कायम गरको देखिन्छ। उपरोक्त विषयमा, खाना खाजा भत्ता निजामती कर्मचारीले अतिरिक्त समय काम गरेको बखत खाजा खाने प्रयोजनलाई उपलब्ध गराईने भत्ता रकम रहेको र उक्त रकम खर्च भएर जाने रकम रहेको हुँदा बचत हुन सक्दैन। यसरी खुद खर्च भएर जाने रकमलाई समेत बचत हुने रकम मानी प्रतिबादीको बैधानिक आयमा कायम गर्न मिल्ने होईन। सोहि विषयमा सम्मानित सर्बोच्च अदालतबाट "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने" (**नेपाल सरकार बि. जयप्रसाद गुप्ता, ने.का.प. २०६८ नि.नं. ८७२२**) भन्ने सिद्धान्त प्रतिपादन भएको छ। यसरी खुद खर्च भएर जाने रकमलाई समेत आय मानी प्रतिबादीको बैध आय कायम गर्ने गरी भएको उक्त फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त समेतको प्रतिकुल रहेको हुँदा बदरभागी रहेको छ।<br>• **प्रोत्साहन भत्ताको हकमा** प्रतिवादी रघुनाथ घिमिरेले राजश्व अनुसन्धान विभागमा कार्यरत रहंदा प्रोत्साहन भत्ता प्राप्त गरेको प्रतिवादीको एभरेष्ट बैंक लि. खातामा जम्मा भएको देखिएको हुँदा उक्त रकमलाई प्रतिवादीको आयमा गणना गर्नु पर्ने भनि विशेष अदालतबाट निज प्रतिवादीको आयमा कूल रु.१४,२५६।७१ (चौध हजार दुई सय छपन्न रुपैयाँ एकहत्तर पैसा) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गणना गर्ने गरी फैसला भएको सन्दर्भमा, उक्त प्रोत्साहन भत्ताको जिकिर अनुसन्धानको क्रममा नगरेको र लिखित बहसनोट पेश हुँदा मात्र जिकिर गरेको हुँदा उक्त एभरेष्ट बैंक लि. खातामा जम्मा भएको रकमको प्रामाणिक परिक्षण नगरि आरोपित कसूरबाट बच्ने उद्देश्यले प्रतिवादीले लिएको जिकिरकै आधारमा आयमा गणना गरेको प्रमाण कानून तथा प्रमाण परिक्षणको सिद्धान्तको विपरित रहेकोले बदर भागी छ।<br>• **दैनिक भ्रमण भत्ता सम्बन्धमा** प्रस्तुत शिर्षकमा समेत आयोगले अनुसन्धानको बखत खर्च भई जाने रकमको स्वरुप आय कायम नगरी आरोपपत्र दायर गरेको सन्दर्भमा, प्रतिवादी रघुनाथ घिमिरेले भ्रमण भत्ता प्राप्त गरेको र उक्त भत्ता कोष तथा लेखा नियन्त्रण कार्यलयको खाताबाट चेकबाट प्राप्त गरेकोले सटही गरी नगद बुझेको देखिंदा रू. १३,२८०।- दैनिक भ्रमण भत्ता स्वरुपको आयलाई मान्याता दिई सम्मानित विशेष अदालतबाट उक्त आयलाई जाँच अवधिको आय कायम गरको देखिन्छ। उपरोक्त विषयमा, दैनिक भ्रमण भत्ता निजामती कर्मचारीले कार्यालयको भ्रमण आदेश बमोजिमको स्थानमा काम काज गर्ने क्रममा प्राप्त गरेको नियमानुसारको प्राप्त गर्ने रकम रहेको र उक्त रकम बाट नै भ्रमण, बसोबास तथा खानपिन गर्ने हुँदा उक्त रकम खुद खर्च भार जाने रकम रहने हुँदा बचत हुन सक्दैन। यसरी खुद खर्च भएर जाने रकमलाई समेत बचत हुने रकम मानी प्रतिबादीको बैधानिक आयमा कायम गर्न मिल्ने होईन। सोहि विषयमा सम्मानित सर्बोच्च अदालतबाट "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने" **(नेपाल सरकार बि. जयप्रसाद गुप्ता, ने.का.प. २०६८ नि.नं. ८७२२)** भन्ने सिद्धान्त प्रतिपादन भएको छ। यसरी खुद खर्च भएर जाने रकमलाई समेत आय मानी प्रतिबादीको बैध आय कायम गरी गरेको उक्त फैसला सम्मानित अदालतबाट भएको फैसलाको प्रतिकुल रहेको हुँदा बदरभागी रहेको छ।<br>• **शारदा गौतमले प्राप्त गरेको महंगी भत्ता (स्कुल) को हकमा** प्रतिवादी शारदा गौतमको आयको सन्दर्भमा, अर्थ मन्त्रालयको बजेट वक्तव्य बमोजिम बहखोर आधारभूत विद्यालयमा शिक्षकको रुपमा अध्यापन गराउँदा महंगी भत्ता बातप प्राप्त रकम रु. ३,९९८।- लाई निजको आयमा गणना गर्नु पर्ने भनि विशेष अदालतबाट फैसला हुँदा उक्त रकमलाई आयको श्रोतमा गणना गरेको सन्दर्भमा, प्रतिवादी शारदा घिमिरेले अनुसन्धानको क्रममा सो विवरण पेश गर्न नसकेको अवस्थामा उक्त रकमलाई आयमा गणना नगरिएको र उक्त श्रोतको प्रामाणिक परिक्षण नै नगरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>• **शारदा गौतमले टिकाटालो, विवाहमा दान दक्षिणा, गोडधुवा वापत प्राप्त गरेको रकमको हकमा** प्रतिवादीको रघुनाथ घिमिरे र शारदा गौतमको विवाह हुँदा माईति पट्टिबाट र घर पट्टिबाट टिकाटालो गोड धुवाई, मुख देखाईमा प्राप्त गरेको दक्षिणाबाट उठेको रकमलाई आयमा गणना गर्नु उपयुक्त देखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भनि विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीको आय शिर्षकमा रु. २,००,०००।— रकम कायम गरेको देखिन्छ तर उक्त सामाजिक कार्यहरुमा प्राप्त रकमको बारेमा समेत निज प्रतिवादी राजु पुरी वार्षिक रुपमा बुझाउने सम्पत्ति विवरण, आयोगमा पेश गरेको सम्पत्ति विवरण र अनुसन्धान बयानमा कुनै जिकिर नलिएको तथा निजले उक्त सामाजिक कार्यको क्रममा भए गरेको खर्चको सम्बन्धमा कुनै व्यय रकमको जिकिर नगरी केवल निजको समग्र आयमा थप रकम कायम गर्न अदालतमा लिखित प्रतिवाद तथा बयानमा लिएको जिकिरलाई तथ्य र प्रमाणको अभावमा अदालतबाट प्रतिवादीको आय शिर्षकमामा थप हुने गरी भएको प्रस्तुत फैसला प्रमाण कानूनको सिद्धान्तको रोहवरमा बदरभागी छ।<br>• **बैंकको ब्याज आयको हकमा** प्रतिवादी रघुनाथ घिमिरे र निजका एकाघर परिवारका सदस्यहरुको बैंक स्टेटमेन्ट समेत आयोगमा पेश गरेको सम्पत्ति बिवरण फाराममा बैंक ब्याजबाट आम्दानी भएको भनी दावी गरेको भएतापनि निजले बैंकमा राखेको रकमको मुलधन बैध थियो भन्ने पुष्टि समेत गर्न नसकेको अवस्थामा उक्त रकम बैध थियो भन्ने पुष्ट्याईको अभावमा अनुमानका आधारमा निजको आयमा गणना गर्न नमिल्ने हुदाँ बैंक ब्याजलाई आयमा गणना नगरी आरोपपत्र दायर गरिएकोमा प्रतिबादीको जिकिर बमोजिम विशेष अदालतबाट फैसला हुँदा रु.५,५२,८७५।९४ लाई निजको आयमा गणना गर्ने गरी फैसला भएको अवस्था छ।<br>• यस शिर्षकको सन्दर्भमा, प्रतिवादी रघुनाथ घिमिरेले ब्याज आयलाई आयमा गणना गर्नुपर्छ भनी जिकिर लिएपनि बैंकमा राखेको रकमको मुलधन बैध थियो भन्ने बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन। सम्मानित सर्बोच्च अदालतबाट “बैंकमा राखेको रकमको ब्याजलाई आयमा समाबेश गर्नका लागी त्यसको मूलधन बैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नु पर्ने” (नेपाल सरकार बि. रामाज्ञा चतुर्बेदी, ने.का.प.२०६८ अंक ६ नि.नं. ८६३०) भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसैगरी गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा वैधानिक स्रोतबाट आय आर्जन गरेको हो भनी पुष्टि गर्ने दायित्व प्रतिवादी उपर रहन्छ। यसरी प्रतिबादीले बैंकमा रहेको मुल धन नै बैध थियो भनी पुष्टि गर्न नसकेको अबस्थामा प्रतिबादीले लिएको जिकिरकै आधारमा बिना प्रमाण उक्त रकमलाई आयमा गणना गर्ने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।<br>• **रेमिट प्राप्त पारिवारिक सहयोगको हकमा** प्रतिवादी शारदा गौतमलाई दाजु/जेठान नबराज गौतमले रु.१०,०,०००।- शारदा गौतमको बैंक अफ काठमाण्डौको खातामा जम्मा गरेको विवरण बैंक स्टेटमेन्ट तथा अदालत समक्ष गरेको बकपत्रबाट पुष्टि हुन आएको, प्रतिवादी रघुनाथ घिमिरेको ज्वाई प्रकाश पन्थले रेमिट मार्फत रु.१,००,८४४.९५।- सहयोग रकम नेपाल इन्भेस्टमेन्ट बैंकबाट प्राप्त गरेको receipt र प्रकाश पन्थको अदालत समक्षको बकपत्र मार्फत पुष्टी गरेको, प्रतिवादी शारदा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गौतमलाई निजको भाई अनिल गौतमले western union मार्फत कूल रु.१,२७,२३५.१२।- पठाएको सहयोग रकम रेमिट मार्फत पठाईएको हुँदा उक्त सहयोग रकमहरुलाई प्रतिवादीको आयमा गणना हुने ठहर गरी भएको फैसलाको सन्दर्भमा, प्रतिवादीले मौकामा बयान तथा सम्पत्ति विवरण पेश गर्दा उक्त रेमिट्यान्सबाट प्राप्त रकमको सन्दर्भमा केही जिकिर नलिएको, र सो प्राप्त रकम हालसम्म पनि तिरेको प्रमाण पेश गरेको नदेखिएको हुँदा सो रकम विप्रेषण आय हुने विश्वासनीय आधार नरहेको, रकम पठाउने व्यक्तिहरु एकासगोलका सदस्य समेत नभएको, उल्लिखित रकम फिर्ता गर्न नपर्ने गरी पठाएको भन्ने पुष्ट्याईको प्रमाण समेत पेश गर्न निजले नसकेको र अदालतको बयान गर्दा कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले मात्र सो व्यहोराको जिकिर गरेको हुँदा उक्त आयको श्रोतको न्यायीक परिक्षण तथा विश्लेषण नगरी भएको फैसला त्रुटीपूर्ण रहेको हुँदा बदर भागी छ।<br>• **प्रतिवादीको छोरी रशा घिमिरेले प्राप्त दान दक्षिणा तथा छोरा रस्किन घिमिरेले न्वरान तथा पास्नीमा पाएको प्राप्त दान दक्षिणाको हकमा** प्रतिवादीहरु रशा घिमिरेले सामाजिक परम्परा अनुसार न्वारान, पास्नी र चाडपर्ब, पुजाहरुमा आफन्तजनहरुबाट टिका लगाई दिएको दान दक्षिणाबाट संकलित रकम दान दक्षिणाबाट प्राप्त भएको रु.२००,०००।- (दुई लाख रुपैयाँ) तथा छोरा रस्किन घिमिरेले रु.१,००,०००।—(एक लाख रुपैयाँ) न्वारान, पास्नी र चाडपर्ब, पुजाहरुमा आफन्तजनहरुबाट टिका लगाई दिएको दान दक्षिणाबाट संकलित रकमलाई आयमा गणना गर्ने ठहर गरिएको अवस्था रहेको देखिन्छ तर उक्त सामाजिक कार्यहरुमा प्राप्त रकमको बारेमा निज प्रतिवादी राजु पुरी वार्षिक रुपमा बुझाउने सम्पत्ति विवरण, आयोगमा पेश गरेको सम्पत्ति विवरण र अनुसन्धान बयानमा कुनै जिकिर नलिएको तथा निजले उक्त सामाजिक कार्यको क्रममा भए गरेको खर्चको सम्बन्धमा कुनै व्यय रकमको जिकिर नगरी केवल निजको समग्र आयमा थप रकम कायम गर्न अदालतमा लिखित प्रतिवाद तथा बयानमा लिएको जिकिरलाई तथ्य र प्रमाणको अभावमा अदालतबाट प्रतिवादीको आय शिर्षकमामा थप हुने गरी भएको प्रस्तुत फैसला प्रमाण कानूनको सिद्धान्तको रोहवरमा बदरभागी छ।<br>• **रघुनाथ घिमिरेले प्राप्त गरेको संचय कोष फिर्ताको रकमको हकमा** कर्मचारी संचय कोषको मिति २०८०/११/२४ च.नं. ६४४ बाट निजको संचित कोषमा रकम रहेको भन्ने देखिन आएकोले आयोगले संचयकोषको ऋण चुक्तामा पुरै रकम खर्च गणना गरेकोले कर्मचारी संचयकोषबाट प्राप्त गरेको संचित रकम रु. १२,३५,६७१।८८ प्रतिवादीको आयमा गणना गर्ने ठहर गरी विशेष अदालतबाट फैसला भएको हकमा, निज प्रतिवादीले अनुसन्धानको क्रममा उक्त जिकिर नलिएको तथा सम्पत्ति विवरणमा समेत उल्लेख गरेको नदेखिएको हुँदा केवल अदालतमा पेश गरेको लिखित बहसनोटको जिकिर बमोजिम विशेष अदालतले उक्त शिर्षकलाई आय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कायम गरेको त्रुटिपूर्ण रहेकोले बदर भागी छ।<br>• **रस्किन घिमिरे पारिश्रमिक आयको हकमा** प्रतिवादीका छोरा रस्किन घिमिरेले जी. होम प्रा.लि. मा आ.व. २०७८/७९ मा काम गरे वापतको प्राप्त आयको प्रमाण आन्तरिक राजश्व कार्यालय, कालिमाटीको कर चुक्ता प्रमाण पत्रबाट देखिने हुँदा सो एकाघर सगोलको छोराको तलब बापतको रकममा जीवन निर्वाह खर्च कटाई बाँकी रकमलाई निजको आयमा गणना गर्नु पर्ने भनि विशेष अदालतबाट फैसला भएको देखिन्छ। उक्त शिर्षकलाई आयमा गणना गरेको सन्दर्भमा, प्रतिवादीले अनुसन्धानको क्रममा सम्पत्ति विवरण फारमको परिवारको सदस्यहरुको विवरणमा निजको छोरा रस्किन घिमिरे अध्ययनरत रहेको उल्लेख गरेको, र सोही सम्पत्ति विवरण फारमको खण्ड-२ को देहाय (ख) महलमा रहेको एकाघरको परिवारको सदस्यको आय विवरणमा निज छोरा रस्किन घिमिरेको आय समेत उल्लेख गरेको देखिंदैन। यसरी प्रतिवादीले अनुसन्धानको क्रममा कुनै जिकिर वा प्रमण पेश नगरि आरोपित कसूरबाट बच्ने उद्देश्यले एकाघरको सदस्यको आय बढाएर समग्र आय व्ययको गणनामा निजलाई फाईदा हुने गरि पेश गरेको विवरणको प्रमाणिक मान्यता नरहने हुँदा उक्त शिर्षकलाई आयमा गणना हुने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>• **प्रतिवादीको व्ययका शिर्षकहरु मध्ये निम्न शिर्षकहरुमा विशेष अदालत ग्रहण गरेको आधारहरु त्रुटीपुर्ण देखिन्छ।**<br>• **घर निर्माण खर्चको हकमाः** प्रतिवादी रघुनाथ घिमिरेले आयोग समक्ष गरेको बयान तथा पेश गरेको सम्पत्ति बिवरण फारामसाथ संलग्न कागजात अनुसार निजको श्रीमती शारदा गौतमको नाममा जग्गा खरिद गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४, कलंकी, संगमकोलोनी स्थितमा रहेको कि.नं. ३३४, ३३६, ३८० र ३८२ को क्षेत्रफल १३९.०३ वर्गमिटर जग्गामा बनेको ३ तल्लाको घर निर्माण गरेकोमा उक्त घर निर्माणमा रू.७६,५०,०००।– खर्च भएको भनी बयान समेतमा दावी गरेको भएतापनि यस आयोगबाट भएको घर मुल्याङ्कनबाट उक्त घरको निर्माण लागत तथा घरमा जडित रहेका विद्युतिय उपकरणहरु एवं फर्निचर लगायतका फर्निसिंङ्ग समेतमा भएको खर्च तथा लगानी रकम रू.९१,५८,६४२.८० लाई निजको व्ययमा गणना गरी आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा आर.सी.सी. फ्रेम स्ट्रक्चर घरमा ५% ठेक्का कर र १५% ओभर हेड कस्ट गरी २०% कट्टी हुने श्री सर्वोच्च अदालतको स्थापित मान्य सिद्धान्त अनुसार कूल रु.६३,९८,९६१।- मा २०% ले रु.१२,७९,७९२।- घटाउनु पर्ने हुँदा उक्त घरको निर्माण लागत तर्फ रु.५१,१९,१६९।– (एकाउन्न लाख उन्नाइस हजार एक सय उनान्सत्तरी रुपैयाँ) मात्र व्ययमा गणना गरी फैसला भएको अवस्था छ।<br>• प्रतिवादीको उक्त घरको अवस्थाको मूल्यांकन गर्दा उक्त घरको वर्गिकरण मध्यमस्तरको भवनमा पर्ने देखिएको, भवन निर्माण गर्दा प्रयोग भएका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सामानहरु, स्यानिटरीको सुविधाको तथा विद्युतीय उपकरणको उपलब्धताबाट समेत मध्यमस्तरको रहेको देखिन्छ। उक्त घर निर्माण गर्दा प्रतिवादी रघुनाथ घिमिरे तथा निजको श्रीमती शारदा गौतम समेत आ-आफ्नो कार्यालयमा कार्यरत रहेको, भवन बनाउन प्रयोग भएको सामान तथा डिजाईनिङ्गबाट सो प्रकारको भवन बनाउन ठेक्का दिनुपर्ने अवस्था देखिएको हुँदा ठेक्कामा भवन बनाउन दिनुको बिकल्प नरहेको तथा आयोगबाट सम्पन्न भएको घर मुल्याङ्कन प्रतिवेदनबाट उक्त घरको निर्माण लागत तथा घरमा जडित रहेका विद्युतिय उपकरणहरु एवं फर्निचर लगायतका फर्निसिंङ्ग समेतमा भएको खर्च तथा लगानी रकमलाई खण्डन गर्न नसकेको हुँदा प्रतिवादीले उक्त घर निर्माण आफैले गरेको भन्ने निश्चयात्मक तवरबाट पुष्टी गरी ठेक्का कर र ओभरहेड कस्ट कट्टा हुनेपर्ने यथेष्ट आधार प्रमाण पेश नगरी केवल जिकिर लिएको आधारमा अदालतले अनुमानको भरमा घर प्रतिवादीले स्वयंले बनाएको भनी उक्त रकम आयबाट घटाई गरेको फैसला त्रुटीपूर्ण रही बदरभागी छ।<br>• **कम्पनी/फर्ममा गरेको लगानीको हकमाः** प्रतिवादी रघुनाथ घिमिरे, निजको श्रीमती शारदा गौतम र निजको छोरी रशा घिमिरेको नाममा प्राइभेट कम्पनी तथा फर्म दर्ता गरी **रू.२,६६,२४,६८०।— (दुई करोड छैसठ्ठीलाख चौविस हजार छ सय असी रुपैयाँ)** लगानी गरेको देखिएको हुँदा सो रकम प्रतिवादीको व्यय शिर्षकमा गणना गरि आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा फैसलाको पृष्ठ नं ३९ को प्रकरण (ज) मा आरोपदावी बमोजिम **रू.२,६६,२४,६८०।**—(दुई करोड छत्तिस लाख चौविस हजार छ सय असी रुपैयाँ) नै व्यय गणना गर्ने गरी व्याख्या विश्लेषण भएकोमा सोही फैसलाको पृष्ठ नं ५१ मा देहाय प्रकरण नं ५० मा रहेको तालिकामा सो रकम प्रविष्ट हुँदा २,३६,२४,६००।— मात्र गणना भएको हुँदा उक्त फैसलाको समग्र आय-व्ययको तालिकामा सामान्य त्रुटी रहेको हुँदा प्रतिवादीलाई फाइदा हुने गरी घटी व्यय रकम कायम भएको हदसम्म उक्त फैसला त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>• **बैंक रकम मौज्दातको हकमाः** जाँच अवधिमा प्रतिवादी रघुनाथ घिमिरे तथा निजको एकासगोल परिवारका सदस्यहरुको नाममा विभिन्न बैंक तथा वित्तिय संस्थाहरुबाट प्राप्त बैंक स्टेटमेन्ट विवरणमा उल्लेख भए अनुसार जाँच अवधिको अन्तिम मिति २०७९/०९/१२ गते निज रघुनाथ घिमिरे तथा निजको एकासगोल परिवारका सदस्यहरुको नाममा रहेका बैंक तथा वित्तिय संस्थाहरुमा खोलिएका बैंक खाताहरुमा रहेको अन्तिम मौज्दात रकम जम्मा रु.३७,०९,९७८।४६ लाई निजको व्यय शिर्षकमा गणना गरी आरोपपत्र दायर गरिएकोमा विशेष अदालतबाट फैसला हुँदा शारदा गौतमले सनराइज बैंक लि. बुलटवल रुपन्देहीबाट मिति २०७५/१/२९ मा रु.२५,००,०००।—(पच्चिस लाख रुपैयाँ) कर्जा लिएकोमा सोहि लिएको हुँदा उक्त कर्जा मध्ये जाँच अवधिको समयसम्म प्रतिवादीले रु.२४,४१,६४८।७९ तिर्न बुझाउन बाँकि रहेको भनी कर्जा खातामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उक्त रकम अंकित हुन गएको देखिंदा निजले तिर्न बुझाउन पर्ने दायित्व अन्तरगको कर्जा खाताको रकम बैंक मौज्दात भनी गणना गर्न नमिल्ने हुँदा सो रकम घटाई बैंक मौजदात अन्तरगत व्ययमा रु.१२,६८,१४०।६७ (बाह्र लाख अठसठ्ठी हजार एक सय चालिस रुपैयाँ) मात्र गणना गर्ने ठहर गरी फैसला भएको अवस्था छ। उक्त सम्बन्धमा, आरोपपत्रको पृष्ठ नं. ११ मा देहाय बमोजिम ऋण वा सापटी लिएको र तिरेको विवरणको तालिकाको क्र.सं. २ मा सनराइज बैंक लि. बाट रकम रू. २५,००,०००।— लिएको तथा उक्त बैंकमा निज प्रतिवादीले सावाँ ब्याज तिरेको रकम समेत गणना गरेको स्पष्ट देखिंदा देखिंदै प्रतिवादी शारदा गौतमले सनराइज बैंक लि. बाट रु.२५,००,०००।- कर्जा मध्ये प्रतिवादीले रु.२४,४१,६४८।७९ तिर्न बुझाउन बाँकि रहेको भनी निजले तिर्न बुझाउन पर्ने दायित्व अन्तरगतको कर्जा खाताको रकम बैंक मौज्दातबाट घटाई प्रतिवादीको व्यय शिर्षकमा घटाउने र आयमा मात्र बृद्धि गर्ने गरी फैसला भएको हुँदा आय शिर्षकमा गणना गरिसकेको तर उक्त रकम कुनै शिर्षकहरुमा खर्च गरेको पुष्टी गर्न नसकेको र अनुसन्धानको अवधीमा उक्त रकम मौज्दात नै रहेको देखिएको हुँदा उक्त रकमलाई व्ययबाट घटाउने र उक्त गणनाको परिणाम स्वरुप प्रतिवादीलाई फाइदा हुने गरी भएको उक्त फैसला आय-व्ययको सिद्धान्तको पूर्ण बिपरित रहेको हुँदा बदर भागी छ।<br>• **अतः** माथि उल्लेखित सम्पूर्ण आधार र कारण समेतबाट प्रतिवादी रघुनाथ घिमिरेले सार्वजनिक पद धारण गरेको अवधिमा गैर कानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति समेत आफ्नो र एकासगोलकी पत्नी सृजना गिरीको नाममा समेत राखेको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तीलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरि प्रतिवादी रघुनाथ घिमिरेलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिम कसूर गरेको हुँदा बिगो रु.२,१४,४६,६५७।२४ (दुई करोड चौध लाख छयालिस हजार छ सय सन्ताउन्न रुपैयाँ चौबीस पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद र जरिवाना समेत गरी आरोप मागदावी बमोजिम हुन सादर अनुरोध गरिन्छ। |